नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं

पत्र संख्या:
च.नं. :

## प्रेस विज्ञप्ति

राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ को दफा १० (७) मा व्यवस्था भएअनुसार कार्यालयले स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा करार सेवाबाट खटिने गणक तथा सुपरिवेक्षकको दरखास्त आव्हान सम्बन्धमा कार्यालयले मिति २०८२/१०/१को गोरखापत्रमा २०८२/१०/१ गते देखि लागू हुनेगरी २१ दिनको म्याद राखि "करार सेवामा जनशक्ति लिनेसम्बन्धी" अनलाइन दरखास्त आव्हानको सूचना जारी गरेको छ। उक्त सूचना अनुसार दैनिक औसत ५५२६का दरले हालसम्म ११३३५० जनाले दरखास्त फाराम भरेको देखिन्छ। कार्यालयको आन्तरिक जनशक्ति प्रयोग गरी कार्यालयकै सर्भरमा दरखास्त प्राप्त गर्न सकिने गरी व्यवस्थित गरिएको यो प्रणालीमा आवेदकहरूको अत्याधिक चाप र सर्भर च्यानलमा भएको ओभर क्राउडको कारण अन्तिम दिनसम्म पनि फाराम दर्ता हुन नसकी दरखास्त भर्न पाँउ भनि भौतिक तथा सञ्चार माध्यम मार्फत कार्यालयमा अनुरोध प्राप्त भैरहेका छन्। यसै विषयलाई सम्बोधन गर्दै यस गणनामा लिइने करार सेवाको अनलाइन दरखास्त पेश गर्ने अवधि मिति २०८२/१०/२२ देखि २०८२/१०/२६ गते राती १२ बजेसम्म जम्मा ५ (पाँच) दिनको लागि मात्र कार्यालयको निर्णयानुसार थप गरिएको जानकारी सबैमा अनुरोध छ। यसरी थप गरिएको मिति भन्दा पछिको दिनमा दरखास्त सङ्कलन नगरिने व्यहोरा पनि यसै विज्ञप्ति मार्फत सूचित गरिन्छ।

ढुण्डीराज लामिछाने
प्रवक्ता तथा उप-प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय

मिति: २०८२/१०/२१